नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सिंहदरवार**

आ.ब. २०७७/२०७८ मा यस मन्त्रालयको लागि बोलपत्र फारममा उल्लेख भए अनुसारको मसलन्द तथा कार्यालय सामानहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड फर्म वा कम्पनीहरुवाट शिलवन्दी बोलपत्रको लागि निम्नानुसारका प्रकृया पुरा गरी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्र फाराम वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, काठमाडौंको एभरेष्ट बैंक लिमिटेड सिंहदरवारमा रहेको खाता नम्वर ००१००१०६२००००० मा रु.३०००।- (पछि फिर्ता नहुने) बुझाएको बैंक भैचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र मन्त्रालयको स्टोर शाखावाट खरिद गर्न सकिनेछ ।

२. यस मन्त्रालयबाट विक्री भएको बोलपत्रमा नै बोलकवोल अंक भरी आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे भित्र यस मन्त्रालयको मूल दर्तामा सिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ । शिलबन्दि बोलपत्र बुझाउने अन्तिम दिन विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन १२:०० बजे भित्र दर्ता गर्नु पर्नेछ ।

३. बोलपत्र साथ बोलपत्रदाताले रु.७०,०००।- (अक्षरेपी सत्तरी हजार) बराबरको रकम यस मन्त्रालयको (कोड नं. क-२-३) नाममा कोष तथा लेखा नियन्त्रण कार्यालय, काठमाडौंको एभरेष्ट बैंक लिमिटेड सिंहदरवारमा रहेको धरौटी खाता नम्वर ००१००१०५२०१२६८ मा जम्मा गरेको बैंक भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको वोलपत्र बैंक जमानत (विड वण्ड) सहित संस्था दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

४. प्राप्त हुन आएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे यस मन्त्रालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन । बोलपत्र खोलिने दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्रहरु खोलिनेछ ।

५. बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्नु अगावै यसैसाथ दिइएको बोलपत्र सम्बन्धी कागजातहरु (करारका सामान्य शर्तहरु, परिमाण तथा लागत, बोलपत्रका शर्तहरु, बोलपत्र ग्राह्य हुने आधारहरु, बोलपत्र मूल्यांकनको तरिका आदि) राम्ररी अध्ययन गरी फरक नपर्ने गरी बोलपत्र फाराम भर्नु पर्नेछ ।

६. बोलपत्र दाखिला गर्दा यसैसाथ दिइएको परिमाण तथा लागत फारम अनुसार नै भ्याट बाहेकको दररेट अंक र अक्षरमा भरी जम्मा रकम उल्लेख गरी सोमा मूल्य अभिवृद्धि कर जोडी हुन आउने कुल जम्मा रकम अंक र अक्षरमा समेत खुलाई सम्पूर्ण बोलपत्र कागजातमा हस्ताक्षर गरी फर्मको छाप लगाई दाखिला गर्नु पर्नेछ । कबोल अंक नेपाली मुद्रामा उल्लेख गर्नु पर्नेछ ।

७. सिलवन्दी भै नआएको, म्याद नाघी आएको, समयमै फिर्ता लिन आवेदन गरेको, आपसमा मिलो मतो गरी दाखिला गरेको वा केरमेट भई अंक वा अक्षर नवुझिने तथा वोलपत्रदाताको हस्ताक्षर नभएको बोलपत्र उपर कारवाही हुने छैन । कुनै पनि शर्त सहितको वोलपत्र मान्य हुने छैन ।

८. बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।

९. बोलपत्रको परिमाण तथा लागतमा उल्लेख भएको परिमाणमा मन्त्रालयको आवश्यकता अनुसार थपघट हुन सक्नेछ तर थप परिमाण सामान खरिद भएमा स्वीकृत दररेटमा हेरफेर हुने छैन ।

१०. नेपाल सरकारलाई तिर्नु वुझाउनु पर्ने कुनै पनि किसिमको कर आदि रकम आपूर्तिकर्ता स्वयंले व्यहोर्नु पर्नेछ।

११. बोलपत्र स्वीकृत भएको सूचना पाएपछि ७ दिन भित्र कार्यसम्पादन जमानत बापत कवोल रकमको ५(पाँच) प्रतिशतले हुने रकम उल्लेखित धरौटी खातामा जम्मा गरेको भौचर वा उक्त रकम बराबरको कुनै पनि वाणिज्य वैंकवाट यस मन्त्रालयको नाममा जारी भएको कार्यसम्पादन जमानत (परफर्मेन्स बण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ । उक्त परफर्मेन्स वण्डको अवधि कम्तिमा १ वर्षको हुनु पर्नेछ । तर बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ।

१२. आपूर्ती गरिने सामान आपूर्ती हुँदाको अवस्थामा कमसल भएमा वा गुणस्तरीय नभएमा सो को मौखिक/लिखित सूचना दिएपछि त्यस्ता सामानहरु तीन दिन भित्रमा आपूर्तिकर्ताले बदली गरी दिनु पर्नेछ सो नभएमा सि.नं.१३ मा उल्लेख भए बमोजिम सम्झौता रद्द गर्न सकिनेछ ।

१३. काबु बाहिरको परिस्थिति बाहेक स्वीकृत बोलपत्र अनुसारका सामानहरु अर्डर दिएको मितिले बढीमा ३ दिन भित्र मन्त्रालयमा आपूर्ति गर्नु पर्नेछ । तोकिएको मितिमा सामान आपूर्ति हुन नसकेमा प्रचलित कानून अनुसार कारवाही एवं सम्झौता रद्द गर्न पनि सकिनेछ । छपाईको हकमा छपाई गर्ने समय आपसि छलफल एवं आवश्यकता अनुसार तय हुनेछ ।

१४. बोलपत्रदाताले ब्राण्ड तोकिएको वा स्पेसिफिकेशन भएकोमा सोही अनुसार र नतोकिएकोमा पनि गुणस्तरयुक्त सामान आपूर्ति गर्नु पर्नेछ ।

१५. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्वन्धी निर्देशिका, २०७१ अनुसार प्रमाणित स्वदेशी बस्तु प्रचलित बजार मूल्य भन्दा १५ प्रतिशत सम्म बढी भए पनि खरिद गर्न सकिनेछ ।

१६. परिमाण तथा लागत फाराममा बोल कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरि प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । केरमेट वा अस्पष्ट भएमा वा फरक उल्लेख भएमा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिइनेछ।

१७. स्वीकृत बोलपत्रको दररेट आ.व.०७७/०७८ भर एवं वाध्यात्मक रुपमा ०७८/०७९ को बोलपत्रको प्रकृया नसकिएसम्म लागू हुनेछ ।

१८. बोलपत्रको अवधिभर सामान एकै पटक वा पटक पटक गरी लिन सकिनेछ ।

१९. सामान आपूर्ति गर्ने क्रममा पेश्की उपलब्ध गराईने छैन ।

२०. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा दस्तखत र फर्मको छाप लगाई पेश गर्नु पर्नेछ । यसको विपरित पाईएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ ।

२१. बोलपत्रदाताले पेश गरेको बोलपत्र सम्वन्धी विवरण तथ्यगत रुपमा झुट्टा वा सारभूत रुपमा अपुरो भएको पाईएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो वोलपत्रदातालाई अयोग्य ठहराई कालो सूचिमा राखी कारवाही गर्न सकिनेछ ।

२२. वोलपत्रदाताले एक पटक पेश गरेको वोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम समय भित्रै सो सम्वन्धी निवेदन खाममा सिलवन्दी गरी बोलपत्र दाखिला गर्ने स्थानमा नियमानुसार पेश गर्नु पर्नेछ ।

२३. बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ९० (नव्बे) दिन हुनेछ ।

२४. सार्वजनिक निकायले खरिद कारवाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षती पुगेको वा पुग्न सक्ने स्पष्ट कारण र त्यस्तो कारणलाई पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि समेत संलग्न राखी त्यस्तो निर्णयको पुनरावलोकनका लागि सार्वजनिक निकायका प्रमुख समक्ष खरिद सम्झौता हुनु अगावै निवेदन दिन सक्नेछ । यस्तो निवेदन बोलपत्रदाता आफै उपस्थित भै वा हुलाक,कुरियर मार्फत पठाउन सकिनेछ। तर अन्य माध्यमवाट पठाएको निवेदन समय सीमा नाघे पछि प्राप्त भएमा त्यस उपर कारवाही हुने छैन ।

२५. पुनरावलोकन सम्वन्धी निवेदन साथ निवेदक बोलपत्रदाताले आफूले कवोल गरेको रकमले ०.५ प्रतिशतले हुन आउने रकम माथी वुँदा नं.३ मा उल्लेख भएको धरौटी खातामा नगद जम्मा गरेको भौचर वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

२६. बोलपत्रदातालाई कुनै कुराको अस्पष्ट भएमा मन्त्रालयको खरिद इकाईमा सम्पर्क राख्न सकिने छ ।

२७. उल्लेखित बुँदाहरुमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।